सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक




♦ वर्ष १० ♦ अंक २ ♦ २०८३ साल असोज १३ मंगलवार ♦ 29 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## टिपरको ठक्करबाट चार वर्षीया बालिका गम्भीर घाइते

**खबर दर्पण समाचारदाता**

**असोज १२ गते, बर्दिवास**

धनुषाको क्षिरेश्वरनाथ नगर पालिका-१ स्थित राजदेवी मन्दिर अगाडि टिपरको ठक्करबाट चार वर्षीया बालिका गम्भीर घाइते भएपछि आक्रोशित स्थानीयवासीले टिपरमा तोडफोड गरेका छन्।

सोमबार साँझ करिब ६:४० बजे जनकपुरबाट महेन्द्रनगरतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ ख ८५४५ नम्बरको टिपर ले सडक पार गर्ने क्रममा महोत्तरीको लोहारपट्टी नगर पालिका-३ निवासी रामनाथ रामकी चार वर्षीया छोरी नैनसि रामलाई ठक्कर दिएको प्रहरीले जनाएको छ।

टिपरको ठक्करबाट बालिकाको टाउकोलगायत शरीरका विभिन्न भागमा चोट लागेको छ। दुर्घटनापछि उनलाई तत्काल जानकी मेडिकल कलेज, र मदैयामा लगिएको थियो। त्यहाँ प्रारम्भिक उपचारपछि थप उपचारका लागि साँझ ७:५५ बजे न्युरो अस्पताल, जनकपुरधाम पठाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बालिकाको अवस्था गम्भीर रहेको छ। उनका बुबा उपचारका क्रममा बालिकासँगै रहेका छन्।

दुर्घटनापछि आक्रोशित स्थानीयवासीले टिपरमा तोडफोड गरेका थिए। घटनास्थलको अवस्था नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी निरीक्षक केशव गौतमको कमान्डमा २५ जना तथा जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालको कमान्डमा ५० जना प्रहरी परिचालन गरिएको थियो।

घटनापछि प्रहरीले टिपर चालक क्षिरेश्वरनाथ नगरपालिका-३ निवासी ३६ वर्षीय उमेश सिंह दनुवार र सहचालक महोत्तरीको भंगाहा नगर पालिका-९ निवासी १८ वर्षीय शम्भु कुमार यादवलाई नियन्त्रणमा लिएको छ। दुवै जनालाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सार्वजनिक वित्त व्यवस्थापन सुधारलाई प्राथमिकता दिन्छौं : मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**असोज १२ गते, बर्दिवास**




मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन सुधारका कामलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। मधेस प्रदेशको पहिलो सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता (पीईएफए) मूल्याङ्कन प्रतिवेदन सोमबार जनकपुरधाममा सार्वजनिक गर्दै मुख्यमन्त्री यादवले सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गरी गुणस्तरीय सेवा प्रवाह र विकासका परिणाम हासिल गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

उहाँले सङ्घीय शासन प्रणालीअन्तर्गत प्रदेश सरकारलाई योजना तर्जुमा, बजेट व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी प्राप्त भएकाले सीमित स्रोतसाधनको अधिकतम, दक्ष, पारदर्शी र जवाफदेही ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिनुभयो। पीईएफए मूल्याङ्कनले प्रदेशको वित्तीय पारदर्शिता, बजेट योजना तथा खर्च व्यवस्थापन र सार्वजनिक वित्त व्यवस्थापनका आधारभूत संरचना निर्माणमा केही सकारात्मक प्रगति देखाएको मुख्यमन्त्री यादवले बताउनुभयो। यद्यपि सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, वित्तीय निगरानी तथा बजेटको प्रभावकारी योजना र कार्यान्वयनमा थप सुधार आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

“मधेस प्रदेश पीईएफए मूल्याङ्कन गर्ने नेपालको दोस्रो प्रदेश बनेको छ। प्राप्त निष्कर्षका आधारमा सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउने तथा जवाफदेहिता र समावेशी विकासलाई थप सुदृढ गर्नेछौं,” मुख्यमन्त्री यादवले भन्नुभयो। उहाँले मूल्याङ्कन प्रतिवेदनले औँल्याएका विषयलाई कमजोरीका रूपमा मात्र नलिई प्रदेशको संस्थागत क्षमता सुदृढ गर्ने अवसरका रूपमा उपयोग

बाँकी पृष्ठ ३ मा

## मेयरमाथि दुर्व्यवहारको विरोधमा महोत्तरीका नगरप्रमुखद्वारा मुख्यमन्त्रीलाई ज्ञापन

**खबर दर्पण समाचारदाता**

**असोज १२ गते, बर्दिवास**

औरही नगरपालिकाका नगरप्रमुख प्रदीपकुमार खड्कामाथि कार्यालयमै भएको हातपात तथा दुर्व्यवहार र त्यसपछि उत्पन्न घटनाक्रमप्रति ध्यानाकर्षण गराउँदै महोत्तरीका विभिन्न नगरपालिकाका नगर प्रमुखहरूले मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष ज्ञापनपत्र बुझाएका छन्।

महोत्तरी जिल्ला स्तरीय नगर प्रमुखहरूको बैठकले सोमबार साँझ मुख्यमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउने निर्णय गरेको थियो। सोही निर्णयअनुसार नगरप्रमुखहरूले मुख्यमन्त्री यादवलाई ज्ञापनपत्र बुझाउँदै स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीले निर्भय र सुरक्षित वातावरणमा काम गर्न पाउने व्यवस्था मिलाउन प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन्।

औरही नगरपालिका कार्यालयमा २०८३ भदौ ३१ गते बिहान करिब ११:३० बजे केही व्यक्तिले नगरप्रमुखको कार्यकक्षमा प्रवेश गरी हातपात गर्नुका साथै कार्यालय परिसरमा तोडफोडलगायतका गतिविधि गरेको नगरपालिकाको विवरणमा उल्लेख छ। घटनापछि जनप्रतिनिधि तथा कर्मचारीमा त्रासको अवस्था सिर्जना भएको र नियमित सेवा प्रवाहमा समेत असर परेको नगरप्रमुख खड्काको भनाइ छ।

ज्ञापनपत्रमा कार्यालयमै प्रवेश गरी जनप्रतिनिधि तथा कर्मचारीमाथि हातपात र दुर्व्यवहार गर्ने व्यक्तिमाथि प्रचलित कानुनबमोजिम कारबाही गर्न माग गरिएको छ। घटनामा संलग्न व्यक्तिको पहिचान गरी कानुनी कारबाही अघि बढाउन तथा घटनाको निष्पक्ष छानबिन गर्न पनि नगर प्रमुखहरूले प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन्।

नगरप्रमुखहरूले घटनामा घाइते भएका कर्मचारी तथा नगर वासीमाथि समेत मुद्दा दर्ता गरिएको विषयमा आपत्ति जनाएका छन्। निर्दोष कर्मचारी तथा नगर वासीमाथि दर्ता भएका मुद्दा तत्काल खारेज गर्न माग गर्दै उनीहरूले पीडितमाथि थप पीडा हुने अवस्था सिर्जना नगर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

स्थानीय तहका कर्मचारीले कानुनबमोजिम आफ्नो जिम्मेवारी निर्वाह गर्ने सुरक्षित वातावरण पाउनुपर्नेमा उल्टै कर्मचारीमाथि मुद्दा दर्ता हुने र प्रशासनिक काम प्रभावित हुने अवस्था सिर्जना हुनु गम्भीर विषय भएको नगर प्रमुखहरूको भनाइ छ। जनप्रतिनिधि र कर्मचारीबीच समन्वय तथा सहकार्यबाट मात्रै स्थानीय तहको सेवा प्रभावकारी रूपमा सञ्चालन हुने भएकाले कार्यालयमा हुने यस्ता घटनाले प्रत्यक्ष रूपमा सेवाग्राही प्रभावित हुने उनीहरूले बताएका छन्।

नगरप्रमुखहरूले औरही नगर पालिकामा भएको घटनालाई कुनै एक व्यक्ति वा स्थानीय तहसँग मात्र सम्बन्धित विषयका रूपमा नलिई देशभरका स्थानीय तहमा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीको सुरक्षा र कार्य वातावरणसँग जोडिएको विषयका रूपमा लिन मुख्यमन्त्री यादवसँग आग्रह गरेका छन्।

‘राज्य अभिभावकका रूपमा प्रस्तुत हुनुपर्ने अवस्थामा कर्मचारी र जनप्रतिनिधि नै असुरक्षित हुने अवस्था आउनु हुँदैन,’ नगर प्रमुखहरूले मुख्यमन्त्रीसमक्ष राखेको धारणा थियो। उनीहरूले जनप्रतिनिधि तथा कर्मचारीले निर्भय भएर सेवा प्रवाह गर्न सक्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व भएको बताएका छन्।



ज्ञापनपत्रमा स्थानीय तहमा कार्यरत जनप्रतिनिधि तथा कर्मचारीको सुरक्षा सुनिश्चित गर्न, कार्यालयमा प्रवेश गरी हातपात वा दुर्व्यवहार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न तथा दोषीमाथि कानुनी कारबाही गर्न प्रदेश सरकारसँग माग गरिएको छ।

नगरप्रमुखहरूले माग सम्बोधन नभए महोत्तरी जिल्लाका स्थानीय तहहरू संयुक्त रूपमा थप कडा रूपमा प्रस्तुत हुन बाध्य हुनेसमेत बताएका छन्।

ज्ञापनपत्रमार्फत घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही, निर्दोषमाथि दर्ता भएका मुद्दाको पुनरावलोकन तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीले निर्भय रूपमा काम गर्न सक्ने वातावरण निर्माणका लागि प्रदेश सरकारको ध्यानाकर्षण गराइएको छ।

# प्रमुख प्रशासकीय अधिकृत नआएपछि भंगहाका नगरप्रमुखद्वारा सबै कार्यालयमा तालाबन्दी

**खबर दर्पण समाचारदाता**
**असोज १२ गते, बर्दिवास**



भंगहा नगरपालिकामा लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत हाजिर नभएपछि नगर प्रमुख सञ्जीवकुमार साहले सोमबार नगरपालिका कार्यालयसहित नौवटै वडा कार्यालयमा तालाबन्दी गर्नुभएको छ।प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए तीन दिनभित्र अतिआवश्यक सेवाबाहेक नगरपालिकाका सम्पूर्ण कामकाज बन्द गर्ने चेतावनी दिनुभएका नगरप्रमुख साहले आफ्नो अल्टिमेटमको समय सकिएपछि आफैँ नगर पालिका तथा वडा कार्यालयमा तालाबन्दी गर्नुभएको हो।

तालाबन्दी गरेपछि नगरप्रमुख साहले कार्यालयका चाबी महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई बुझाउँदै तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गरी नगरपालिकाको प्रशासनिक, वित्तीय तथा नियमित सेवा प्रवाह सुचारु गर्न माग गर्नुभएको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय तह कर्मचारी प्रशासन शाखाले भदौ १ गते खिमराज भुसाललाई भंगहा नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो। मन्त्रालयबाट पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल नगरपालिकामा हाजिर नभएको नगरप्रमुख साहको भनाइ छ।

नगरप्रमुख साहका अनुसार प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न आफू पटक-पटक मन्त्रालय पुगेर समस्या समाधानका लागि आग्रह गर्दै आए पनि सुनुवाइ हुन सकेको छैन। मन्त्रीसँग भेट गरी समस्या राख्न खोज्दा भेट हुन नसकेको र स्वकीय सचिवमार्फत समेत जानकारी गराउँदा समस्या समाधान नभएको उहाँले बताउनुभयो।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकाको प्रशासनिक तथा वित्तीय काम प्रभावित भएको उहाँको भनाइ छ।

कर्मचारी तथा जनप्रतिनिधिको तलब-भत्ता भुक्तानी, विकास निर्माणका योजना सञ्चालन तथा दैनिक सेवा प्रवाहमा समेत समस्या उत्पन्न भएको नगर प्रमुख साहले बताउनुभयो।

दसैँ नजिकिँदै गर्दा कर्मचारीलाई तलब खुवाउनसमेत समस्या हुने अवस्था सिर्जना भएको उहाँको गुनासो छ। नगरपालिकाको नियमित प्रशासनिक काम सञ्चालनका लागि प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति आवश्यक रहेकाले तत्काल व्यवस्थापन गर्न उहाँले सङ्घीय सरकारसँग माग गर्नुभएको छ।नगरप्रमुख साहले समस्या तत्काल समाधान गरी नगरपालिकाको सेवा प्रवाह सुचारु नगरिए थप कदम चाल्ने चेतावनीसमेत दिनुभएको छ।

# हुंकार मधेशले तोक्यो सहजकर्ता र प्रवक्ता, केन्द्रीय संरचना निर्माणको तयारी तीव्र

**खबर दर्पण समाचारदाता**
**असोज १२ गते, बर्दिवास**

संगठन विस्तारको तयारीमा रहेको हुंकार मधेशले अभियानलाई संस्थागत रूपमा अघि बढाउन सहजकर्ता र प्रवक्ता तोकेको छ ।

हुंकार मधेशको केन्द्रीय अभियान बैठकले संविधानसभा सदस्य रामकुमार कश्यपलाई सहजकर्ता र केशव कुमारलाई प्रवक्ताको जिम्मेवारी दिएको हो ।

संगठनको औपचारिक केन्द्रीय संरचना निर्माण हुनुअघि अभियानका गतिविधिलाई समन्वय, सहजीकरण तथा सम्पर्कका माध्यमबाट व्यवस्थित रूपमा अघि बढाउने उद्देश्यले दुई जनालाई जिम्मेवारी तोकिएको हुंकार मधेशले जनाएको छ ।

हुंकार मधेशका अनुसार सहजकर्ताको जिम्मेवारी पाएका कश्यपले अभियानसँग जोडिएका विभिन्न पक्षबीच समन्वय तथा सहजीकरण गर्नेछन् भने प्रवक्ता केशव कुमारले संगठन तथा अभियानका गतिविधिबारे आधिकारिक धारणा सार्वजनिक गर्नेछन् ।

हुंकार मधेशले यसअघि घोषणा गरेको सय दिने मेची-महाकाली हुलाकी यात्रा तथा पुनर्जागरण अभियान सम्पन्न गरेपछि संगठनको केन्द्रीय संरचना निर्माण गर्ने तयारी गरेको छ । अभियानमार्फत विभिन्न क्षेत्रका नागरिक तथा समुदायसँग प्रत्यक्ष सम्पर्क र संवाद गर्दै संगठन विस्तारको आधार तयार गर्ने तयारी रहेको जनाइएको छ ।

अभियानपछि संयोजकसहितको केन्द्रीय संरचना निर्माण गरी संगठनलाई थप व्यवस्थित रूपमा अघि बढाउने योजना रहेको हुंकार मधेशले जनाएको छ । त्यसका लागि प्रारम्भिक चरणमा समन्वय र सञ्चारको जिम्मेवारी समेत तोकिएको हो ।




हुंकार मधेशका प्रवक्ता केशव कुमारद्वारा जारी विज्ञप्तिमा अभियानका विभिन्न विभाग तथा जिम्मेवारीसमेत छिट्टै निर्धारण गरी सार्वजनिक गरिने उल्लेख छ ।

विज्ञप्तिअनुसार आगामी दिनमा संगठनको संरचना विस्तारसँगै विभिन्न विभागलाई जिम्मेवारी प्रदान गरिनेछ । त्यसपछि अभियानका गतिविधिलाई संस्थागत गर्दै हुंकार मधेशको केन्द्रीय संरचनालाई पूर्णता दिने तयारी गरिएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्ढार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सार्वजनिक वित्त...

गरिने बताउनुभयो। सार्वजनिक वित्त व्यवस्थापन सुधार निरन्तर चल्ने प्रक्रिया भएकाले प्रतिवेदनले आगामी सुधारका लागि आधार र दिशा प्रदान गरेको उहाँको भनाइ थियो।

मूल्याङ्कन प्रक्रिया सम्पन्न गर्न सहयोग गर्ने प्रदेशको अर्थ मन्त्रालय, मूल्याङ्कन टोली, सरकारी निकाय तथा सम्बन्धित संस्थालाई धन्यवाद दिँदै मुख्यमन्त्री यादवले प्राविधिक तथा ज्ञानसम्बन्धी सहयोगका लागि एसियाली विकास बैङ्क (एडीबी) प्रति आभार व्यक्त गर्नुभयो।

कार्यक्रममा एडीबी नेपालका निर्देशक अर्नोड कासोइसले पीईएफए मूल्याङ्कनले सङ्घीय शासन प्रणालीलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनुभयो। नागरिकबाट सङ्कलन गरिएको करको रकम जनमुखी बजेट निर्माण तथा प्रभावकारी खर्च व्यवस्थापनमा उपयोग गर्न यस्ता मूल्याङ्कन महत्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो।

सार्वजनिक वित्त व्यवस्थापन सुधारका लागि एडीबीबाट आवश्यक प्राविधिक सहयोग निरन्तर रहने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो।

पीईएफए मूल्याङ्कनका परामर्शदाता प्रकाशजङ्ग थापाले मधेस प्रदेशको पहिलो मूल्याङ्कनले सार्वजनिक वित्त व्यवस्थापनका केही आधारभूत पक्षमा कमजोरी देखाएको बताउनुभयो। मूल्याङ्कनले सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न सहयोग पुऱ्याएको उल्लेख गर्दै उहाँले वित्तीय व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सुधार आवश्यक रहेको बताउनुभयो।

मधेस प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले पीईएफए मूल्याङ्कन प्रतिवेदन आर्थिक सुशासन सुदृढीकरणको महत्वपूर्ण आधार भएको बताउनुभयो। प्रतिवेदनले प्रदेशको आर्थिक सुशासन सुधारका लागि आवश्यक दिशा पहिल्याउन सहयोग गर्ने उल्लेख गर्दै उहाँले आगामी दिनमा नीति, व्यवस्था र प्रणालीमा सुधार गर्दै संस्थागत क्षमता सुदृढीकरणमा ध्यान दिइने बताउनुभयो।

उहाँले आगामी सुधारलाई अर्थपूर्ण र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गर्दै आर्थिक सुशासन विकासको महत्वपूर्ण आधार भएकाले प्रदेश सरकार यसलाई प्रवर्द्धन गर्न केन्द्रित रहने बताउनुभयो।

आर्थिक पत्रकार समाज नेपाल (सेजन), मधेस प्रदेश सरकार र एडीबीको संयुक्त आयोजनामा भएको कार्यक्रममा प्रदेश सरकारका सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंह, सेजनका केन्द्रीय अध्यक्ष भागवत भट्टराईलगायत आर्थिक क्षेत्रसँग सम्बन्धित सरकारी निकायका प्रतिनिधि तथा सरोकारवालाको सहभागिता थियो।

# नवनिर्मित कलवार समुदाय भवन हस्तान्तरणको माग गर्दै नगरपालिकामा ज्ञापन

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**असोज १२ गते, महोत्तरी**



रामगोपालपुर नगरपालिका-५ रामगोपालपुरमा निर्माण सम्पन्न भएको कलवार समुदाय भवन हस्तान्तरण गर्न माग गर्दै स्थानीय कलवार समुदायले नगरपालिकाको ध्यानाकर्षण गराएको छ।

कलवार समुदाय समितिका अध्यक्ष रामपुकार चौधरीको नेतृत्वमा सोमबार नगरपालिकाको कार्यालय पुगेको करिब ४०-५० जनाको समूहले नगरप्रमुख रामदुलार साहलाई प्रेस विज्ञप्ति बुझाउँदै निर्माण सम्पन्न भइसकेको भवन समुदायको जिम्मामा तत्काल हस्तान्तरण गर्न माग गरेको हो। समुदायका लागि निर्माण गरिएको भवन निर्माण सम्पन्न भइसकेकाले आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी प्रयोगका लागि समुदायलाई हस्तान्तरण गर्नुपर्ने समितिको माग छ। सामाजिक, सांस्कृतिक तथा सामुदायिक गतिविधि सञ्चालनका लागि निर्माण गरिएको संरचना लामो समयसम्म प्रयोगविहीन राख्न नहुने समुदायको भनाइ छ।

समितिका अध्यक्ष चौधरीले समुदायका लागि निर्माण गरिएको भवनको स्वामित्व र प्रयोगसम्बन्धी विषय स्पष्ट गरी यथाशीघ्र समुदायलाई हस्तान्तरण गर्न नगरपालिकासँग आग्रह गर्नुभयो। उहाँले भवन निर्माणमा सहयोग गर्ने नगरपालिका तथा सम्बन्धित पक्षलाई धन्यवादसमेत दिनुभयो।

रामगोपालपुर नगरपालिका-५ का पूर्ववडा अध्यक्ष जितेन्द्र चौधरीले कलवार समुदायका लागि निर्माण गरिएको भवन सामाजिक तथा सांस्कृतिक गतिविधिका लागि महत्वपूर्ण हुने भएकाले निर्माण सम्पन्न भएपछि सम्बन्धित समुदायलाई प्रयोग गर्न दिनुपर्ने बताउनुभयो। भवन निर्माणको उद्देश्यअनुसार समुदायले उपयोग गर्न पाउने गरी आवश्यक प्रक्रिया अघि बढाउन उहाँले नगरपालिकासँग आग्रह गर्नुभयो।

स्थानीय युवा अरुणकुमार चौधरीले पनि निर्माण सम्पन्न भएको भवनलाई लामो समयसम्म प्रयोगविहीन नराखी समुदायको उपयोगमा ल्याउनुपर्ने बताउनुभयो। सामाजिक तथा सांस्कृतिक गतिविधिका लागि उपयोगी हुने संरचना तत्काल हस्तान्तरण गर्न उहाँले माग गर्नुभयो।

तर, नगरप्रमुख रामदुलार साहले भने भवन निर्माण भएको जग्गा सरकारी स्वामित्वमा रहेकाले कलवार समुदायलाई भवन हस्तान्तरण गर्न नमिल्ने बताउनुभएको छ।

उहाँका अनुसार आर्थिक वर्ष २०८१/८२ मा कलवार समुदायका लागि भनेर विनियोजन गरिएको बजेट फ्रिज हुन नदिन नगर कार्यपालिकाको निर्णयबाट उक्त बजेट सदुपयोग गरी भवन निर्माण गरिएको हो। सरकारी जग्गामा निर्माण गरिएको संरचना कुनै एक समुदाय विशेषलाई हस्तान्तरण गर्ने कानुनी व्यवस्था नरहेको उहाँको भनाइ छ।

नगरप्रमुख साहले सरकारी जग्गामा सरकारी कार्यालय वा सार्वजनिक प्रयोजनका संरचना निर्माण गर्न सकिने भए पनि समुदाय विशेषका लागि भवन निर्माण गरेर सोही समुदायलाई स्वामित्व हस्तान्तरण गर्न नमिल्ने स्पष्ट पार्नुभयो।

भवनको पछाडिपट्टि सामुदायिक विद्यालयसमेत रहेकाले विद्यालयको अगाडि समुदाय विशेषको भवन राख्ने विषय पनि उपयुक्त नभएको उहाँले बताउनुभयो। सरकारी जग्गामा एउटा समुदायलाई भवन हस्तान्तरण गर्ने अभ्यास सुरु गरिए अन्य समुदायबाट पनि यस्तै माग आउन सक्ने भएकाले नगरपालिकाले त्यसलाई स्वीकार गर्न नसक्ने उहाँको भनाइ छ।

निर्माण सम्पन्न भइसकेको भवनको प्रयोग र स्वामित्वको विषयमा समुदाय र नगरपालिकाबीच फरक धारणा देखिएको छ। समुदायले भवन निर्माणको उद्देश्यअनुसार आफूहरूलाई हस्तान्तरण गरी प्रयोग गर्न दिनुपर्ने माग गरिरहेको छ भने नगरपालिकाले सरकारी जग्गा, सार्वजनिक प्रयोजन र कानुनी व्यवस्थाको प्रश्न उठाउँदै समुदाय विशेषलाई हस्तान्तरण गर्न नसकिने जनाएको छ।

भवनको स्वामित्व, प्रयोग र व्यवस्थापनसम्बन्धी विषयमा नगरपालिकाले आगामी दिनमा कस्तो निर्णय लिन्छ भन्ने विषयले यसको उपयोगको अवस्था निर्धारण गर्ने देखिएको छ।



# देउवा पक्षको महोत्तरी जिल्ला संयोजकमा रामदयाल यादव

**खबर दर्पण समाचारदाता**
**असोज १२ गते, वर्दिवास**



नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशन तयारी अन्तर्गत महोत्तरी जिल्लामा पूर्वसभापति शेरबहादुर देउवा पक्षले रामदयाल यादवलाई जिल्ला संयोजकको जिम्मेवारी दिएको छ ।

१५औं केन्द्रीय महाधिवेशन तयारी समितिका संयोजक डा.शशांक कोइरालाले असोज ११ गते यादवलाई महोत्तरी जिल्ला संयोजक मनोनयन गरि एको पत्रमा उल्लेखछ । पत्रमा महाधिवेशन तयारीका क्रममा जिल्ला तहमा संगठनात्मक गतिविधि सञ्चालन तथा समन्वय गर्ने जिम्मेवारी यादवलाई दिइएको छ ।

यादव महोत्तरी निर्वाचन क्षेत्र नम्बर ४ तथा प्रदेश निर्वाचन क्षेत्र नम्बर ४(ख) का नेता हुन् । उनी यसअघि नेपाली कांग्रेसको पूर्व क्षेत्रीय सचिव, पूर्व जिल्ला कार्यसमितिको कार्यालय सचिव तथा जिल्ला विकास समितिको पूर्व इलाका सदस्यका रूपमा काम गरिसकेका छन् ।

यादव नेपाली कांग्रेस महोत्तरीका दुई पटक सचिव भइसकेका छन् । यादवले दुई वर्ष कार्यवाहक जिल्ला सभापतिको जिम्मेवारी समेत सम्हालेका थिए । २०६२/०६३ को जनआन्दोलनका क्रममा लामो समय जेल जीवन बिताएको हुन् । यादव लगातार पाँच पटकदेखि नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य रहँदै आएका छन् । हाल पनि उनी पार्टीका केन्द्रीय महाधिवेशन प्रतिनिधि तथा महासमिति सदस्य हुन् । यसअघि महोत्तरी कांग्रेसको संगठन विभाग प्रमुखको जिम्मेवारीमा रहेका यादवलाई देउवा पक्षले १५औं महाधिवेशन तयारीका लागि जिल्ला संयोजकको जिम्मेवारी दिएको हो ।

पार्टी संगठनमा लामो समयदेखि सक्रिय यादवलाई कांग्रेसभित्र स्वच्छ छवि, इमानदार र बौद्धिक व्यक्तिका रूपमा चिनिने उनका समर्थकहरूको दावी छ। जिल्ला संयोजकको जिम्मेवारी पाएसँगै उनले महोत्तरीमा देउवा पक्षको महाधिवेशन तयारी, संगठन विस्तार तथा कार्यकर्ता परि चालनमा समन्वय गर्नेछन् ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनको तयारीका क्रममा विभिन्न जिल्लामा देउवा पक्षले संयोजक तोक्ने क्रम अघि बढाएको छ । महोत्तरीमा यादवको मनोनयनलाई पनि सोही तयारी अन्तर्गतको कदमका रूपमा हेरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
## कम्पनी रजिष्ट्रारको कार्यालयको
## कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०८०।११।१७ मा दर्ता भएको कनेक्सन फर कनेक्टिभिटी, प्राइभेट लिमिटेट (प्रा.ली. नं. ३३०९०९) नामको कम्पनीले दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दाविको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दाबी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# कांग्रेसको महाधिवेशन सार्ने तयारी

**खबर दर्पण समाचारदाता**
**असोज १२ गते, वर्दिवास**

नेपाली कांग्रेसको १५औं महाधिवेशन केही दिन पर सार्ने तयारी भएको छ।

असोज ८ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षाका कारण विभिन्न स्थानमा बाढी पहिरोले गर्दा सडक र पुलहरू भत्केको तथा काठमाडौं आउनका लागि पनि समस्या रहेकाले केही दिन पर सार्ने तयारी कांग्रेसले गर `को हो।

कांग्रेस प्रवक्ता देवराज चालिसेले मङ्गलबार बिहान बैठक बसेर आगामी १६ गतेदेखि १९ गतेसम्म तय भएको महाधिवेशन सार्ने बारे निर्णय हुने जानकारी दिए।



प्रवक्ता चालिसेले भने,'प्राकृतिक विपत्तिका कारण महाधिवेशन स्थलसम्म आउने सडक पुलहरू भत्केका छन्। क्षेत्रीय अधिवेशन गर्न कठिनाइ भइरहेको छ त्यसैले केही दिन पर सार्ने कि भन्ने कुराकानी भइरहेको छ केही निर्णय भएको छैना'

प्रवक्ता चालिसे कानुनी अड्चन के हुन्छ भन्ने हेरेर मात्र महाधिवेशनको मिति सार्ने कि नसार्ने भन्ने निर्णय हुने बताए। कांग्रेसले सर्वोच्च अदालतमा पार्टीका तर्फबाट धारणा पेस गर्दा असोज १६ गतेदेखि १९ गतेसम्म १५औं महाधिवेशन गर्ने विषय उल्लेख गरेको थियो। सर्वोच्च अदालतले त्यही विषय फैसलामा उल्लेख गरेकाले के गर्ने कसो गर्ने भन्ने कानुनी रूपमा कुराकानी गरेर निर्णय गरिने प्रवक्ता चालिसेले बताए।







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,